कृषि विकास कार्यालय, जुम्ला

## कृषि विकास कार्यक्रम संचालनका लागि सूचिकृत हुने तथा निवेदन पेश गर्ने सम्वन्धी

सूचना। सूचना।। सूचना ।।।

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/१९

कृषि विकास कार्यालय, जुम्लाको आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रमहरु संचालन गर्न यस जिल्लाका कृषि व्यवसायमा संलग्न कृषक समुह, सहकारी संस्था, व्यवसायीक कृषि फर्म/कृषि उद्योग/कृषि सामग्री सप्लायर्स र दर्तावाला कृषि उपभोक्ता समितिबाट निवेदन/प्रस्तावना पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन (२०८२/०६/०८गते) कार्यालय समयावधि भित्र यस कार्यालयमा देहाय बमोजिमका कागजातहरु संलग्न राखी सूचिकृत हुनुका साथै कार्ययोजना सहितको निवेदन/प्रस्तावना पेश गर्नहुन अनुरोध छ। सूचनाको अन्तिम दिन यदि कुनै सार्वजनिक विदा पर्न गएमा सो विदाको भोलिपल्ट कार्यालय खुल्ने दिन समेत निवेदन संकलन गर्न सकिने व्यहोरा सम्वन्धित सवैका जानकारीका लागि सूचना प्रकाशन गरिएको छ। साथै म्याद नाघी वा रित नपुगी प्राप्त भएका योजनाको निवेदन उपर कुनै कार्वाहि नहुने व्यहोरा समेत सूचित गरिन्छ

कार्यक्रम सम्बन्धी थप जानकारीको लागि फोन नं. ०८७-५२००२७, सूचना अधिकारी - ९८५८३६६२२७ र कार्यालयको वेबसाइडः adojumla.gov.np मार्फत जानकारी लिन सकिनेछ।

तपसिलः

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | वजेट रु. हजारमा | न्यूनतम मापदण्डहरु |
|---|---|---|---|
| क. प्रांगारिक कृषि प्रवर्द्धन, रैथाने बाली विकास कार्यक्रम | | | |
| १. | जलवायु मैत्री एग्रो ईकोलोजिकल मोडेल भिलेज स्थापना | ५००।- | ✓ एग्रो इकोलोजिकल मोडेल भिलेजको विस्तृत परियोजना तथा कार्ययोजना<br>✓ स्थानिय रैथानै बालीको खेती प्रविधिमा निहित भएको<br>✓ कम्तीमा १५ घरधुरी भएको पर्यापर्यटन तथा वातावरण मैत्री वस्ती भएको |
| २. | निर्यातजन्य रैथाने बालीको मुल्यवान लोगो प्रवर्दन, ढुवानी, बजारीकरण, लेवलिङ प्याकेजिङ सहयोग कार्यक्रम | ३२०।- | ✓ २ मे.टन.को स्थानिय रैथानै कृषिउपज<br>✓ पालिका सदमुकाम देखि सुर्खेतसम्म ढुवानी<br>✓ खरिद बिक्रीको सम्झौता पत्र |



२०८२/०५/१९
प्र.प्र. अधिकृत
वि.कृषि अर्थ बिज्ञ

| ख. कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | | | |
|---|---|---|---|
| १. | चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम | ६००।- | ✓ स्पष्ट व्य.कार्ययोजना सहितको प्रस्तावना<br>✓ कलष्टरमा खेतियोग्य जमिन<br>✓ कम्तिका १ हे. सामुदायि खेति प्रणाली |
| २. | जुम्लीमार्सी धान उत्पादन विशेष नमुना क्षेत्र कार्यक्रम (चन्दनाथ नपा तातोपानी/हिमा/सिजा गापा) | ८५०।- | ✓ सिचाईको सुविधा भएको र कम्तीमा १ हेक्टर कलष्टरमा पनि खेति गर्न सकिने |
| ३. | कृषिउपज उत्पादन र बजारीकरण गर्ने व्यवसायिक कृषकलाई प्रोत्सहान कार्यक्रम | ३००।- | ✓ कम्तिमा ५ रोपनीमा खेति गरेको<br>✓ गत आर्थिक वर्ष देखि अन्य निकायवाट अनुदान नलिएको<br>✓ लगाएको वालीको अभिलेख राखेको |
| ४. | मागमा आधारित युवा लक्षित कार्यक्रम | १३००।- | ✓ फलफूल खेतीको लागी उपयुक्त स्थान हुनुपर्ने।<br>✓ कलष्टरमा बगैचा स्थापनाको लागी प्राथमिकता हुने।<br>✓ व्यक्तिको हकमा न्यूनतम ५ रोपनी र समुदायको हकमा न्यूनतम १० रोपनी बगैचा स्थापना गर्नुपर्ने।<br>✓ अन्य विषय कार्यविधि अनुसार हुने |
| ५. | व्यवसायिक स्याउ बगैचा स्थापना तथा विकास कार्यक्रम चन्दननाथ-१० | १०००।- | ✓ तिन वर्षको विस्तृत व्यवसायिक कार्ययोजना ।<br>✓ जग्गा चक्लाबन्दी तथा कलष्टर मिलाउन सकिने ।<br>✓ प्राविधिक तरिकाले उपयुक्त भएको । |
| ६. | मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम | १५०।- | ✓ विगत २ वर्ष देखि कुनै निकायवाट अनुदान नपाएको र पुरस्कृत नभएको । |
| ग. व्य. फलफुल बगैचा स्थापना तथा विकास कार्यक्रम | | | |
| १. | स्याउ/ओखर बगैचा स्थापना तथा विकास कार्यक्रम (हिमा, सिजा, कनकासुन्दरी र तातोपानी गापा) | ४०००।- | ✓ तिन वर्षको विस्तृत व्यवसायिक कार्ययोजना ।<br>✓ जग्गा चक्लाबन्दी तथा कलष्टर मिलाउन सकिने ।<br>✓ प्राविधिक तरिकाले उपयुक्त भएको । |
| २. | स्याउ/ओखर बगैचा स्थापना तथा विकास कार्यक्रम (पातारासी, गुठीचौर, चन्दननाथ र तिला गापा) | ४०००।- | |
| ३. | स्याउ/ओखर फलफुल बगैचा स्थापना तथा विकास कार्यक्रम | २५००।- | |



२०८२/०८/१९
राम भक्त [illegible]
नि. कार्यालय प्रमुख
कृषि [illegible] (सातौ)

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय, जुम्ला

| घ. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना (PMAMP) | | | |
|---|---|---|---|
| १. | स्याउ ब्लक विकास कार्यक्रम, कनकासुन्दरी गा.पा. ७ | १०००। - | ✓ जग्गा चक्लावन्दी तथा कलष्टर मिलाउन सकिने । ✓ प्राविधिक तरिकाले उपयुक्त भएको । |

<u>आवश्यक कागजातहरु:</u>

१. कार्यक्रममा निवेदन दिनका लागि सूचिकृत हुने तथा कार्यक्रम माग सम्वन्धी अनुसुचि-४ अनुसारको रु १० को टिकट सहितको निवेदन र कृषि व्यवसाय योजना तथा प्रतिवद्धता पत्र
२. कार्यक्रम माग सम्वन्धी निर्णयको प्रतिलिपी ।
३. नविकरण भएको संस्था दर्ता प्रमाण - पत्रको प्रतिलिपी
४. गत आ.व. को संस्थाको लेखापरिक्षण भएको प्रतिवेदन प्रतिलिपी
५. कर बुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपी लालपुर्जा+जग्गाको ट्रेस नक्शा र कलष्टरमा खेति गरिने जग्गाको किर्ता न सहितको चारकिल्लाको विवरण ।
७. कार्यविधि अनुसार निवेदन दर्ता गर्दा ५ लाखसम्मको प्रस्तावनामा रु १०० र सोभन्दा माथिको प्रस्तावनामा रु ५००। को राजश्व जम्मा गरेको भौचर ।

   (राजश्व शिर्षक नं १४२२९ अन्य प्रशासनिक सेवा शुल्क कार्यालयकव कोड नं ३१२०१६२०२६ कार्यालय कृषि विकास कार्यालय जुम्ला)

   कार्यालयको कोड नं अन्य सेवा शुल्क खर्च शिर्षक नं. १४२२९
८. सम्वन्धित स्थानिय तहको सिफारिस पत्र ।
९. माथि उल्लेखित सम्पूर्ण कागजातमा छाप लगाई प्रमाणित गरेको हुनुपर्नेछ ।

**पुनश्चः अन्य कागजात तथा प्रक्रिया कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि र अन्य प्रचलित ऐन, नियम अनुसार हुनेछ भने अन्य कुनै निकायवाट अनुदानको सहयोग लिएको भनि जानकारी हुन आएमा स्वतह रद्द गरिनेछ।**

२०८२।०५।१९
राम भक्त अधिकारी
नि.कार्यलया प्रमुख
कृषि अर्थ विज्ञ(सातौं)

"अर्गानिक खेतिमा वृद्धि, कर्णालीको समृद्धि"
टेलिफोन नं ०८७ ५२००२७
ईमेल - akojumla@gmail.com wedsite adojumla.gov.np